श्री उच्च सरकारी वकील कार्यालय जुम्ला

वैठक नं ७१३

मितिः २०७७।६।२९ गते बिहिबार, उच्च सरकारी वकील कार्यालय, जुम्लाको कार्यालय सम्बन्धी कामकाजलाई प्रभावकारी बनाउन कर्मचारीको वैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

श्री शम्भु गौतम, निमित्त सहन्यायाधिवक्ता

श्री नगेन्द्र लम्साल, सहायक न्यायाधिवक्ता

श्री कृष्णकुमारी भण्डारी, नायव सुब्बा

श्री पुर्णबहादुर शाही, कम्प्युटर अपरेटर

श्री जगदिश शर्मा, सह लेखापाल

श्री वलबहादुर रावल, कार्यालय सहयोगी (पाँचौं)

श्री नवराज वुढा, हलुका सवारी चालक

श्री हिलेन्द्रबहादुर शाही, कार्यालय सहयोगी

श्री कृष्णप्रसाद प्याकुरेल, कार्यालय सहयोगी

श्री बबिता खत्री, कार्यालय सहयोगी

**छलफलका विषयहरू**

१) अभियोजन सुधार सम्बन्धमा ।

२) अनुसन्धान अधिकृत र सरकारी वकील बीच वैठक आयोजना गर्ने सम्बन्धमा ।

३) मुद्दाको लगातार कारबाही र सुनुवाई सम्बन्धमा ।

निर्णय नं १) वुँदा नं १ का सम्बन्धमा छलफल गर्दा महान्यायाधिवक्ताको कार्यालयको चलानी नं सचिवालय ४५, मितिः २०७७।६।२२ को अभियोजन सुधार सम्बन्धमा निर्देशन सम्बन्धी पत्रको प्रभावकारी कार्यान्वयन गर्न मातहत कार्यालयहरूलाई निर्देशन दिने । अभियोजन सुधार सम्बन्धमा जारी निर्देशनहरू यस कार्यालयबाट समेत प्रभावकारी रूपमा कार्यान्वयन गर्ने । महान्यायाधिवक्ताको कार्यालयको व्यवस्थापन समितिको २०७७ साउन ८ गते बसेको वैठकले आ.व. ०७७।०७८ लाई अभियोजन सुधार वर्ष २०७७ घोषणा गरी कार्यान्वयनमा रहेकोमा ती वुँदाहरूको कार्यान्वयन यस कार्यालय र मातहत कार्यालयबाट गर्न लगाउने ।

निर्णय नं २) वुँदा नं २ का सम्बन्धमा छलफल गर्दा महान्यायाधिवक्ताको कार्यालयको पञ्चवर्षीय रणनीतिक योजनाले समेत निर्दिष्ट गरेको र मातहत कार्यालयको वार्षिक कार्ययोजनामा समेत समावेश गरिएको अनुसन्धान अधिकृत र सरकारी वकीलबीच मातहत कार्यालयहरूले मासिक रूपमा वैठक गरी सो को निर्णयको प्रतिलिपी उच्च सरकारी वकील



नि.सहन्यायाधिवक्ता

कार्यालय, जुम्लामा पठाउने । अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन र अभियोजन र अनुसन्धान सम्बन्धमा देखिएका समस्याहरूका सम्बन्धमा छलफल गरी अभियोजन सुधारमा प्रभावकारित ल्याउने ।

निर्णय नं ३) वुँदा नं ३ का सम्बन्धमा छलफल गर्दा महान्यायाधिवक्ताको कार्यालयको चलानी नं सचिवालय ४१, मितिः २०७७।६।१८ को जबरजस्ती करणी सम्बन्धी मुद्दामा लगातार सुनुवाई प्रभावकारी बनाउने सम्बन्धमा मातहत कार्यालयहरूलाई जारी पत्रको मातहत कार्यालयहरूले प्रभावकारी कार्यान्वयन गर्ने । मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ९६ मुद्दामा लगातार कारबाही र सुनुवाई गरिने व्यवस्था सम्बन्धमा उपनियम (१) मा उक्त नियमावलीको अनुसूची ३० मा उल्लेख भएका नेपाल सरकार वादी भई चलेको फौजदारी मुद्दाको हकमा सबै प्रतिवादी उपस्थित गराइएकोमा वा प्रतिवादी उपस्थति हुने अवधी समाप्त भएपछि लगातार कारबाही र सुनुवाई गरी किनारा गरिनेछ भनी उल्लेख भएकोमा मातहत कार्यालयहरूबाट अभियोग पत्र दायर गर्दा उक्त नियमावलीको अनुसूची ३० मा उल्लेख भएका लगातार कारबाही र सुनुवाई गर्ने मुद्दाहरूमा प्रतिवादी चुक्ता भएको अवस्थामा अभियोगपत्र साथ पीडित, जाहेरवाला एवं साक्षीलाई लगातार सुनुवाई अन्तर्गत कारवाहीको लागि अदालतमा पेश गरी वकपत्र सम्पन्न गराउने र अभियोगपत्रमा उक्त कानूनी व्यवस्था समेत उल्लेख गर्ने ।